**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ४ गते**

गण्डकी प्रदेशको बागलुङ जिल्लाकी ६५ वर्षीया कोरोना सङ्क्रमित महिलाको वैशाख ४ गते तेस्रो पटकको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार चैत ४ गते बेल्जियमबाट बागलुङ आएकी महिलालाई चैत १७ गते कोरोना सङ्क्रमण भएको पुष्टि भएको थियो । कोरोना सङ्क्रमण भएको पुष्टि भएपछि धौलागिरी अञ्चल अस्पताल बागलुङको आइसोलेशन वार्डमा उपचाररत महिलाको यसभन्दा पहिले दुई पटक स्वाब परीक्षण गरिएको भएपनि रिपोर्ट पोजेटिभ आएको थियो ।

उनीसँगै बेल्जियमबाट फर्केकी एक १९ वर्षीया युवतीको रिपोर्ट पुनः पोजेटिभ आएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौजे जानकारी दिनुभयो । रिपोर्ट नेगेटिभ आएकी महिलाको २४ घण्टापछि पुनः स्वाब परीक्षण गरिने र रिपोर्ट नेगेटिभ आएमा उनलाई घर पठाइने उहाँले बताउनुभयो । गुरौले वैशाख ४ गते १३ जनाको र्‍यापिड टेष्ट गरिएको जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय बागलुङले बागलुङबाट अर्घखाँची हिँड्का चार जना मजदुरलाई शान्ति समितिको भवनको क्वारेण्टाइनमा राखेको छ । जिल्लाको ढोरपाटन नगरपालिकाले घर-घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । विपतको समयमा राज्यले गर्नसक्ने सबै काम गर्नुपर्ने भन्दै अपाङ्गता भएका, जेष्ठ नागरिक, एकल महिलालाई घरै पुगेर भत्ता वितरण गरिएको मेयर देवकुमार नेपालीले बताउनुभयो । नगरपालिकाले दैनिक मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका १ सय ७ परिवारलाई घरमै पुगेर राहत वितरण गरेको छ । जिल्लाका अन्य स्थानीयतहले पनि राहत वितरण गरिरहेका छन् ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्की जिल्लामा ९६ जना होम क्वारेण्टाइनमा रहेका छन् भने हालसम्म ३ सय ८२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट परीक्षण भइसककेको छ । वैशाख ४ गते सम्म जिल्लामा १ सय २८ जनाको स्वाब सङ्कलन गरी परीक्षण गरिएकाकोमा १ सय २३ जनाको रिपोर्ट नेगेटिभ आएको छ र पाचँ जनाको नतिजा आउन बाँकी रहेको छ ।

दाङ घर भएका र पोखरामा ज्याला मजदुरी गरी खाने तीन जना पुरूषलाई मानवअधिकार समुहको सदस्य देविलाल अर्यालले घर जान २००० रुपियाँ सहयोग दिएका छन् । वैशाख ४ गते बिहानै स्याङग्जाको पुतलीबजार नगरपालिका-११ बगालथोकमा उनीहरूलाई अर्यालले देखेपछि कुरा बुझ्दैजादा आफूहरूलाई ठेगदारले पैसा नदिई घर पठाइदिएपछि पैदल यात्रा गर्दै घर जाने बताएका थिए । देवीलाल अर्यालले फोन मार्फत इन्सेक सहजकर्ता सिर्जना थापा र इन्सेक कार्यक्रम अधिकृत सवनम शर्मासँग यस सन्दर्भमा सल्लाह र समन्वय पश्चात उहाँले उनीहरूलाई बाटो खर्च दिएर सहयोग गर्नुभएको थियो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार पालुङटार नगरपालिकामा विदेशबाट फर्किएका ४० जनाको र्‍यापिड डाइगनोष्टिक टेष्ट (आरडीटी) किटबाट कोरोनाको परीक्षण भएको छ । हालसम्म गोरखा भरी २ सय २४ जनाको आरडीटी किटबाट परीक्षण भएको स्वास्थ्य कार्यालय गोरखाका कोरोना फोकल पर्सन नारायण अर्याललले बताउनुभयो ।

उहाँले आरडीटी परीक्षणको क्रममा शङकास्पद लक्षण देखिएका आरूघाटका एक युवाको पिसिआर रिपोर्ट नेगेटिभ आएको र अन्यको पनि अवस्था सामान्य रहेको बताउनुभयो । वैशाख ४ गते चार जनाको स्वाब सङ्कलन गरी परीक्षणको लागि पठाइएको जानकारी अर्याललले दिनुभयो । आरडीटी परीक्षणमा रिपोर्ट पोजेटिभ आएका आरूघाटका युवाको परिवार र छिमेकीहरूको पनि आरडीटी परीक्षण भएको छ । उनीहरू सबैको रिपोर्ट नेगेटिभ आएको तर ती मध्ये सामान्य रूघाखोकी देखिएका दुई

जनाको स्वाब परीक्षणको लागि पोखरा पठाइएको आरूघाट गाउँपालिकाका स्वास्थ्य संयोजक विजय श्रेष्ठले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार जिल्लामा वैशाख ४ गते आठ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको र पाचँ जनाको स्वाब परीक्षणको लागि भरतपुर पठाइएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । यसअघि जिल्लामा २ सय ७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको थियो र सबैको रिपोर्ट नेगेटिभ देखिएको उहाँले बताउनुभयो । उहाँले वैशाख २ गते कोरोना उपचार अस्पताल भरतपुरमा पठाइएको ४ जनाको स्वाब परीक्षणको रिपार्ट नेगेटिभ आएको जानकारी दिनुभएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतमा चैत १ गते यता विदेशबाट भित्रिएका सबै व्यक्तिहरूको आरडीटीबाट कोरोना परीक्षण सकिएको पर्वत अस्पतालले जनाएको छ । हालसम्म ३ सय ११ को परीक्षण भएको छ । अस्पतालका डाक्टर शिशिर देवकोटाका अनुसार कसैलाई कोरोनाको लक्षण देखिएमा मात्रै कोरोनाको परीक्षण गरिनेछ । सरकारले बनाएको क्वारेण्टाइनमा हाल १० जना मात्रै रहेका छन् ।

आज जिल्ला प्रहरी कार्यालय पर्वतले बागलुङदेखि पैदल वीरगञ्ज र रौतहट जिल्ला जान लागेका आठ जना मजदुरहरूलाई कुश्मा नगरपालिका-१ पाङ्बाट फिर्ता पठाएको छ । उनीहरू पर्वतको कुश्मा नगरपालिका-१ पाङ् र बागलुङ जिल्लाको सदरमुकाम जोड्ने निर्माणाधिन झोलुङ्गे पुलमा कार्यरत मजदुरहरू हुन् । डिएसपी श्यामु अर्यालले जिल्ला प्रशासन कार्यालय बागलुङसँगको समन्वयमा उनीहरूलाई बाटोबाटै पुन बागलुङ तर्फ फिर्ता पठाइएको जानकारी दिनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ४ गते सम्म ४ सय ८० जनाको र्‍यापिड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ ।

स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका मध्ये सबैको रिपोर्ट नेगेटिभ आएको छ । तनहुँमा विदेशबाट आउने सबै व्यक्तिको नमुना परिक्षण गरिने स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले बताउनुभयो ।

तनहुँका स्थानीयतहले लकडाउनको कारण समस्यामा परेका ११ हजार भन्दा बढी परिवारलाई राहत वितरण गरेका छन् । व्यास नगरपालिकाले ३ हजार ५ सय, भानु नगरपालिकाले १ हजार ४ सय ३६, शुक्लागण्डकी नगरपालिकाले ३ हजार ९० परिवारलाई राहत वितरण गरी सकेका छन् भने भिमाद नगरपालिकाले भने राहत वितरण जारी राखेको छ ।

यसैगरि म्याग्दे गाउँपालिकाले १ हजार ५ सय, आबुँखैरेनी गाउँपालिकाले ८ सय ४४ र देवघाट गाउँपालिकाले ७ सय ९१ परिवारलाई राहत वितरण गरिसकेका छन् । त्यसबाहेक बन्दिपुर, ऋषिङ र घिरिङले पहिलो चरणको राहत वितरण कार्य जारी राखेको सम्बन्धित स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतहरूले जनाएका छन् ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार म्याग्दी जिल्ला भित्र बसोबास गर्ने विदेशबाट आएका तथा कोरोनाको आशङ्का गरिएका १ सय ३२ जनाको र्‍यापिड टेष्टको रिपोर्ट नेगेटिभ आएको छ । धौलागिरी गाउँपालिकामा एक जना महिला र चार जना पुरूष गरी पाचँ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार

वैशाख ४ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ४५ जनाले सेवा लिएका छन् । बेसिशहर नगरपालिकाको क्वारेण्टाइनमा दुई जना र क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा पाचँ जनालाई राखिएको छ भने ११ जना घर फर्किसकेका छन् । वैशाख ४ गते नौ जनाको स्वाब

सङ्कलन गरी परीक्षणको लागि पोखरा पठाइएको छ । हालसम्म जिल्लामा १४९ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट परीक्षण गरिएको छ ।
बेसिशहर नगरपालिकाका नगरप्रमुख गुमानसिंह अर्यालको अध्यक्षतामा वैशाख ३ गते बसेको बेसिशहर नगरपालिकाको कार्यपालिकाको बैठकले नियमित औषधी सेवन गर्नेहरूलाई लकडाउनका कारण समस्या भएमा नगरपालिकाले वडामा रहेका स्वास्थ्य संस्था मार्फत निःशुल्क औषधी उपलब्ध गराउन निर्णय गरेको छ । साथै डायलाइसिस गराइरहेका मिर्गौलाका बिरामीहरूलाई जिल्ला बाहिर जान समस्या भएमा लकडाउनको अवधिभर ३/४ जनाको समूह बनाएर निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने भएको छ ।
बैठकमा नगरपालिकाबाट वितरण गरेको राहत लिएका मजदुर तथा विपन्न परिवार बिरामी भइ स्वास्थ्य उपचारको लागि सदरमुकामसम्म आउनु परेमा निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने तथा वडास्तरीय आपुर्ति व्यवस्थापन समिति मार्फत पठाइएको पहिलो चरणको राहत वितरण लाई स्थगित गरी कुनै समस्या भएमा मजदुर र विपन्नको अवस्था अनुगमन गरी नगरपालिका मार्फत राहत उपलब्ध गराउने जस्ता निर्णय गरिएका छन् ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**